# मेलौली नगरपालिका विनियोजन ऐन २०७७

**मेलौली नगरपालिकाको आर्थिक बर्ष २०७७/२०७८ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केही रकमखर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमाव्यवस्थागर्न बनेको ऐन ।**

**प्रस्तावनाः** मेलौली नगरपालिकाको आर्थिक वर्ष २०७७/०७८को सेवा र कार्यहरुको लागी स्थानीय संचित कोषबाट केही रकमखर्च गर्ने अधिकार दिन र सो रकमबिनियोजन गर्न वाञ्छनिय भएकाले, नेपालको संबिधानको धारा २२९ को उपधारा (२) बमोजिम मेलौलीनगर सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ** (१) यस ऐनको नाम मेलौली नगरपालीकाको विनियोजन ऐन, २०७७ रहेको छ ।

(२) यो ऐन तुरुन्तप्रारम्भ हुनेछ ।

**२. आर्थिक वर्ष २०७७/०७८को निमित्त संचितकोषबाट रकमखर्च गर्ने अधिकार** (१) आर्थिक वर्ष २०७७/०७८ को निमित्तनगर कार्यपालिका, वडा समिति, बिषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसुची १ माउल्लेखित चालू, खर्च, पूजीगतखर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ६२९६६७४०० (**६२ करोड ९६ लाख ६७ हजार ४ सय मात्र**) मा नबढाई निर्दिष्ट गरिए बमोजिम संचित कोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजन** (१) यस ऐन द्वारा संचितकोषबाट रकमखर्च गर्ने अधिकार दिईएको रकम आर्थिक वर्ष २०७७/०७८ को निमित्त मेलौली नगरपालिकाको/नगरकार्यपालिका, वडा समिति र बिषय गतशाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) माजुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र बिषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुगहुने देखिन आए मा नगर कार्यपालिका ले बचत हुने शीर्षकबाट नपुगहुने शिर्षकमा रकम सार्न सकिनेछ । यसरी रकम सार्दा एक शिर्षकबाट सो शीर्षकको जम्मा रकमको २५प्रतिशत नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूजीगतखर्च र वित्तिय व्यवस्था तर्फ विनियोजित रकम सावा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शिर्षक मा बाहेक अन्य चालू खर्च शिर्षक तर्फ सार्न र वित्तिय व्यवस्था अन्तर्गत सावा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शिर्षक मा बाहेक अन्यत्र सार्न सकिने छैन् ।

तर चालू तथा पूजीगत खर्च र वित्तिय व्यवस्थाको खर्च ब्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) माजुनसुकै कुरा लेखिएको भए तापनि एक शिर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनुपर्नेछ ।

मेलौली नगरपालिका

अनुसूचि-१
(दफा २ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम

**संञ्चित कोषबाट विनियोजन हुने रकम**

रु. हजारमा

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| | | | | | | |
| १ | | नगर कार्यपालिका | ८३६५०००० | ३७६४५००० | ६५२८५१९० | १८६५८०१९० |
| २ | | वडा समिति | १३५०००० | ३५१४०४०० | | ३६४९०४०० |
| ३ | | बिषयगत शाखा | | | | |
| ४ | | ऋणको सावा व्याँज भुक्तानी | | | | |
| ५ | | लगानी (शेयर/ऋण) | | | | |
| ६ | | | | | | |
| जम्मा | | | ८५०००००० | ७२७८५४०० | ६५२८५१९० | |

मेलौली नगरपालिका